राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानवअधिकार आयोगको मिति २०७९/५/७ गते मंगलवार बसेको बैठकबाट देहायबमोजिम हुने गरी ७ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क.सं. | उजुरीको संक्षिप्तव्यहोरा | घटना मिति र उजूरी नं. | उजुरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला दार्चुला, साविकको शिखर गा.वि. वडा नं १ हाल शैलेशिखर न.पा १ बस्ने विरेन्द्र खडायतलाई डडेल्धुरा जिल्ला, जोगबुढा, शिर्ष गा.वि.स वडा नं १ स्थित दिदीको घरमा भेटघाट गर्न गएको समयमा तत्कालिन सुरक्षाफौजले माओवादीको आशंकामा दिदीको घरबाट मिति २०५८/८/२९ गते पक्राउगरि जिल्ला प्रहरी कार्यालय, डडेल्धुराको हिरासतमा आ.का र नजरबन्दमा राखेकोले हाल कञ्चनपुर जिल्ला कारागारमा रहेको हुँदा घटनाको छानविन गरी स्वतन्त्रपुर्वक जिवन यापनगर्ने तर्फ पहल गरी पाउँभन्ने व्यहोराको विरेन्द्र खडायतको उजुरी | उद.नं २५७ २०५८/८/२९ | गैर कानुनीथुना | गैर कानुनी थुना नदेखिएकोले तामेली | |
| २ | बैतडी जिल्ल शिवनाथ गा.पा -६ बस्ने करन राना र निजकी श्रीमती राजु रानाश्री कृष्ण नि.मा.विमा अध्यापन गराउँदै आइरहेकोमा मिति २०७३ माघमा सोही विद्यालयमा अध्ययनरत पुजाचन्द घरबाट भागेर गए पछि करन रानाको श्रीमती राजु रानाले पुजाचन्दलाइ भगाउनमा सहयोग गरेको भनि पुजाचन्दका आफन्तले प्रहरीमा उजुरी समेत दिएको र निजदुवै | उ.द.नं ७८८(क) २०७३ माघ | आर्थिक सामाजिकअधिकार | पीडितले काम गरेको तर पारिश्रमिक नपाएको अवधिको नियमानुसारको पारिश्रमिक सुविधा तथापी डितको शान्ति सुरक्षाको व्यवस्थाको लगी नेपाल सरकार समक्ष सिफारिस गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

| | | | | | |
|---|---|---|---|---|---|
| | जनालाई पुजा चन्दका आफन्त तथा स्थानीयले विभिन्न किसिमका यातना दिने तथा निज अध्यापन गराउने विद्यालयमा समेत गई आक्रमण गर्ने प्रयास गरेकोले मिति २०७४/३/१ गतेबाट पुनःधम्क्याउने, गाली गलौज गर्ने कार्य गरिरहेकोले पेशा व्यवसाय गरी बस्ने पाउने वातावरणका लागि पहल गरी पाउँभन्ने व्यहोराको करन रानाको उजुरी । | | | | |
| ३ | कैलालीजिल्लाभजनी न.पा -१ साबिकबाजुरा जिल्ला छतरा गा.वि.स -८) बस्ने लक्ष्मी प्रसाद जैसीलाइ तत्कालिन बिद्रोही माओवादी कार्यकर्ताले अपहरण गरि ६६ दिन सम्म यातना दिएको र यातनाको कारण हाल सम्मपनि स्वास्थ्य समस्या रहेकोले पिडितको निशुल्क उपचार तथा घटनाको छानबिन गरी आवश्यक कारवाही गरी पाउ भन्ने व्यहोराको टेकराज जोशीको उजुरी । | उ.द.नं ४०१ २०५९/८/१६ | माओवादीद्वारा यातना | यातनादिने कार्यमा संलग्न दोषीमा ओवादी कार्यकर्ताको पहिचन गरी कारवाहीगर्न र पीडित लक्ष्मी प्रसाद जैसीलाई रु ५०, ०००/- क्षतिपुर्ति उपलब्ध गराउन नेपाल सरकार समक्षसिफारिस गर्ने । | |
| ४ | कैलालीजिल्ला घोडाघोडी न.पा साविकपहलमानपुर गा.वि.स साविक वडा नं ६ बस्ने शितल कठरिया थारुलाइ तत्कालिनमाओवादिद्वारा सुराकीको आरोपमा कुटपिट गरि हत्या गरेकोले घटनामा संलग्न दोषीमाथिकारवाही गरी पिडितलाइ क्षतिपुर्ति उपलब्ध गराउनपहल गरी पाउँभन्ने व्यहोराको नविनकुमार कठरियाको उजुरी । | उ.न.नं ५६९ २०५७/१०/४ | हत्यामाओवादी बाट | घटनामा संलग्न दोषीपहिचान गरी कारवाहीगर्न नेपाल सरकार समक्षसिफारिस गर्ने | |

का. मु. सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जिल्ला कैलाली , सात्रिकको गदरीयागा.वि.स वडा नं ६ हाल ध.न.पा ४ बस्ने मानबहादुर साउदलाई माओवादीले अपहरण गरि वेपत्ता बनाएकोले स्थिती सार्वजनिक गरी पाउँ भन्ने व्यहोराको गणेश मान साउदको उजुरी | उ.द.नं ६९३ २०६२/९/२६ | अपहरण माओवादीबाट | पिडित मानबहादुर साउद वेपत्ताभएको नभई हराएको देखिनआएकोले निजको खोजीकार्य जारी राख्न नेपाल सरकारलाई सिफारिस गर्ने | |
| ६ | मिति २०७४/२/१४ गते कान्तिपुर दैनिकमा"तुइनको साहारामा अस्पताल" शिर्षक मादार्चुला जिल्ला व्यास गा.पा-२,४र ६का जनताहरुले स्वास्थ्य सुविधाकालागि महाकाली नदीमा तुइन चढेर जोखिमपुर्ण यात्रागर्नु परेको भनी छापिएको समाचार प्रति आयोगको ध्यान आकर्षण भई उक्त समाचारलाई नै सुचनाको रुपमा ग्रहण गरी अनुसन्धान प्रकृया अघि बढाईएको यस विषयमा आयोगबाट मिति २०७८/९/१ गते "हाल कहाँ कुन-कुन ठाउँमा के कतितुइहरु बाँकी छन्? र तुइत विस्थापित गर्ने सन्दर्भमा के के योजना रहेका छन् भन्ने सम्बन्धमा नेपाल सरकारसंग विवरण तथा जानकारी मागगर्ने " भन्ने निर्णय भएबमोजिम कार्य सम्पन्न गरी पुन: निर्णयको लागि पेश गरिएको । | उ.द.नं ७८६ २०७४/२/१४ | आर्थिक सामाजिकअधिकार | तामेली | |
| ७. | कैलालीजिल्लामसुरिया गा.वि.स-४ बस्ने पर्वत भनीने (कहीं अमर पनिभनिएको ) डम्बर अधिकारीलाई मिति २०५८/६/१५ गते सुखड वेश क्याम्पमा थुनामा राखी शारीरिक र मानसिक यातना | उ.द.नं ३४९ २०५८/६/१५ | सुरक्षाकर्मीबाट यातना | यातनादिने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कारवाहीगर्ने र पीडित लाई रु १ लाखक्षतिपुर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्ने | |

का. मु. सचिव

| | | | | |
|---|---|---|---|---|
| | दिएकाले क्षतिपुर्ति दिलाई पाउँभन्ने व्यहोराको डम्बर अधिकारीको उजुरी आयोगबाट मिति २०७६/४/७" अनुसन्धानहुँदा पीडित डम्बर अधिकारीले यातना पाएपछि विभिन्न अस्पतालहरुमा उपचार गराएका कागजातहरु मिसिल संलग्न रहेको पाइयो , सो कागजातहरुमा उल्लेखित व्यहोराहरु प्राविधिक (औषधी विधासंग सम्बन्धित) भएकाले सो विषयसंग सम्बन्धित विज्ञसंग परामर्शगरी उपचार प्रकृया यातनासंग सम्बन्धित भए नभएको सम्बन्धित विशेषज्ञसंग रायलिई राय सहितपुन: पेश गर्ने भन्ने निर्णय भएको । | | | |

का. मु. सचिव